# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ मिथिला, भाद्र २५ गते, २०८० साल संख्या ५


## भाग-१

## मिथिला नगरपालिका
## नगरपालिका शिक्षा ऐन, २०८०

**प्रस्तावना:**

मिथिला नगर र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकल स्थानीय नागरिकहरुको सदाचार, नैतिकता, तथा समयानुकल शिक्षा र ज्ञानको बृद्धिका लागि शैक्षिक स्तरका असमानतालाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा सबैकोपहुँच कायम गर्न नगर क्षेत्रभित्र स्थापना भई सञ्चालन भइरहेका तथा स्थापना हुने, विद्यालयहरुको व्यवस्थापकीय र पठनपाठनमा सुधार गर्न तथा युगानुकूल सीप र प्रविधिसहित शैक्षिक अवस्थालाई विकास गर्न तथा युवा तथा विधार्थीहरुमा खेलकुदको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम यस मिथिलानगरपालिकाको १२औं नगर सभाले यो ऐनको तर्जुमा गरेको छ ।

मिथिला नगरपालिका

## परिच्छेद- १ प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस ऐनको नाम " मिथिला नगरपालिका शिक्षा ऐन - २०८०" रहेको छ ।

ख) या ऐन मिथिला नगरपालिका भर लागु हुनेछ ।

ग) यो ऐन मिथिला नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

### २. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क)"कार्यपालिका" भन्नाले मिथिला नगर कार्यपालिका बुझ्नु पर्नेछ ।

ख)"नगर सभा भन्नाले मिथिला नगरपालिकाको नगरसभालाइ बुझ्नु पर्नेछ ।

ग)"विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै तहको शिक्षा बुझ्नु पर्नेछ ।

घ)" आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ङ)" माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ।

च)"विशेष शिक्षा" भन्नाले दष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाइ छुट्टै समूहमा राखी दिइने शिक्षा बुझ्नु पर्नेछ ।

छ)"प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुका सिकाइ गरी प्रविधि र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह सम्म अध्यापन गराइने शिक्षालाइ बुझ्नु पर्नेछ ।

ज)"सामुदायिक विद्यालय" भन्नाले समुदायका पहलमा स्थापना गरिएका नाफारहित प्रकृतिका नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ ।

झ)“संस्थागत विद्यालय” भन्नाले व्यक्ति / संस्था वा समुदायका पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय बुझ्नु पर्नेछ ।

ञ)“नगर शिक्षा अधिकारी” भन्नाले नगरपालिकाभित्रको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएको कार्य गर्न नेपाल सरकार तथा नगरपालिकाले खटाएको कर्मचारी बुझ्नु पर्नेछ ।

ट)“स्रोतकेन्द्र” भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुमा समूह बनाइ पायक पर्ने विद्यालयमा कार्यालय रहने गरी शैक्षिक गतिविधिहरु सञ्चालन हुने केन्द्र भन्ने बुझ्नुपर्छ ।

ठ)“स्रोतव्यक्ति” भन्नाले स्रोतकेन्द्रका प्रमुख पदमा नियुक्त भएका व्यक्तिलाई बुझ्नु पर्नेछ ।

ड)“कर्मचारी” भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नु पर्नेछ ।

ढ)“तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली तथा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम बुझ्नु पर्नेछ ।

ण)“अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएका अस्थायी स्वीकृतिलाइ जनाउँछ ।

त)“स्वीकृति” भन्नाले तोकिए बमोजिमका सर्त पुरा गरेका विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएका स्थायी स्वीकृतिलाई जनाउँछ ।

थ)“आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयका रूपमा स्वीकृति प्रदान गरिएका विद्यालयलाई जनाउँछ ।

मिथिला नगरपालिका

द)“स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएका डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिईएका जुनसुकै नामका स्थायी आवासीय अनुमति समेतलाइ जनाउँछ ।

ध)“प्रारम्भिक बाल विकास शिक्षा” भन्नाले ४ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासकालागि सामुदायिक र संस्थागत रुपमा विधालयमा वा अन्य शैक्षीक सँस्थामा दिइने प्रारम्भिक बाल विकास शिक्षा बुझ्नु पर्नेछ ।

न)“पूर्व प्राथमिक विद्यालय” भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षकोलागि पुर्व प्राथमिक शिक्षा दिने सवै प्रकारका विद्यालय बुझ्नु पर्नेछ ।

प) “शिक्षक” भन्नाले पुर्व प्राथमिक तह, आधारभुत तह र माध्यमीक तहमाविद्यालयमा अध्यापन गर्ने व्यक्तीलाई बुझ्नु पर्नेछ ।

फ)“शिक्षा शाखा” भन्नाले नगरपालिका भित्र शिक्षा हेर्ने शाखा वा ईकाई बुझ्नु पर्नेछ ।

व) “प्रमुख” वा उपप्रमुख भन्नाले नगरपालिकाको प्रमुख र उपप्रमुख लाई बुम्फनु पर्दछ ।

भ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रकासकिय अधिकृत सम्फनु पर्दछ ।

म) “व्यवस्थापन समिति” भन्नाले विधालयको व्यवस्थापन समिति बुम्फनु पर्दछ ।

य) “शिक्षा समिति” भन्नाले नगर शिक्षा समिति बुम्फनु पर्दछ ।

र) खेलकुद समिति  भन्नाले नगर पालिकाको खेलकुद समिति बुझ्नु पर्दछ ।

## परिच्छद-२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

### ३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः

१)नेपाली नागरिक वा नेपाली नागरिकहरुको समुह वा समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अर्न्तगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडाकार्यालयको शिफारिस सहित नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

२)उपदफा (१) बमोजिमको निवेदनलाई सम्बन्धित अधिकारीले आवश्यक जाँचबुझ पश्चात नगर शिक्षा समितिमा राय प्रतिवेदन सहित अनुमतिकोलागि पेश गर्नुपर्ने छ ।

३)उपदफा (२) बमोजिमको प्रतिवेदन उपर नगर शिक्षा समितिले आवश्यक जाँचवुझ गर्न र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा वा नदेखिएमा आफनो राय प्रतिवेदन सहित निर्णयकोलागि नगर कार्यापालिकामा शिफारिस गर्नु पर्दछ ।

४) उपदफा (३) बमोजिम नगर कार्यापालिकाले नगर शिक्षा समितिको शिफारिस बमोजिम अनुमति दिने नदिने निर्णय गर्नेछ । नगरपालिकाको अनुमति नभई विधालय सञ्चालन गर्न पाईने छैन ।

५)यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अर्न्तगत विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन ।

६) उपदफा ५ बमोजिमको निवेदन उपर नगर शिक्षा समितिले आवश्यक निर्णय    गर्नेछ ।

मिथिला नगरपालिका

७)उपदफा (४) मा जुनसकै कुरा लेखिएका भएतापनि देहायका विद्यालयहरूलाइ शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरि अनुमति वा स्वीकृति दिइने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख)सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ग)कुनै व्यक्ति वा संस्थाले विद्यालयका नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्ता जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

८)यस ऐन वा प्रचलित कानुनमा जुनसकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

क)शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाका रूपमा हुनु पर्ने,

ख)शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तीमा पाँचजना सदस्य हुनु पर्ने,

ग) शैक्षिक गुठीका आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

घ)शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफनो जीवनकालमा वा शेषपछि गुठीयारका रूपमा कार्य गर्ने आफना उत्तराधिकारी तोक्न सक्नेछन् । तर सार्वजनिक शक्षिक गुठीका हकमा त्यस्ता उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

९)कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा यस परिच्छेदमा तोकिए बमोजिमको प्रक्रिया पुरागरि स्वीकृति भए पश्चात सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

१०)उपदफा (८) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११)माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदशी शिक्षणसंस्थासँग सम्बन्धन कायम गर्नेगरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर नेपाल सरकारसग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ । यस परिच्छेदमा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमको आवश्यक प्रक्रिया पुरागरी सामुदायीकरण गर्न सकिनेछ ।

१२) सामुदायीक, सँस्थागत तथा कुनैप्रकारको गुठी आदिद्धारा सञ्चालन भएका विधालयहरुको पठनपाठन तथा शैक्षिक अवस्थामा सुधारकोलागि नगर शिक्षा समितिले अनुगमन, निर्देशन गर्न सक्नेछ । नगर शिक्षा समितिको निर्देशन, सुझाव तथा शिफारिस विधालयहरुले पालन गर्नुपर्नेछ ।

१३) विद्यालयको सम्बन्धमा अन्य आवश्यकिय विषयहरुको सम्बन्धमा नगर शिक्षा समितिको शिफारिसको आधारमा कार्यापालीकाबाट निर्णय भए बमोजिम हुनेछ ।

**४.नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

१)नगरपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङख्या, गुणस्तरीयता, सञ्चालन क्षमताका आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा विधालय आवश्यक नभएको प्रर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न, अनुमति वा स्वीकृति दिन वा नाम

परिवर्तन गर्न सम्बन्धित वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

२)उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयका सम्पत्तिको व्यवस्थापन नगरपालिकाको कार्यालय अर्न्तगत रहने छ ।

**५.अनुमति वा स्वीकृति रद्ध गर्नेः**

१)कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्ता विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ प्रस्तुत गर्ने मौका दिइनेछ ।

२)नगरपालिकाले गरेको खारेजीको निर्णय उपर चित्त नबुझ्े नगरपालिकाको न्यायिक समितिमा उजुरी लाग्नेछ ।न्यायिक समितिको निर्णय उपर तोकिएको निकायमा उजुर लाग्नेछ ।

**६.शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालन गर्ने :**

(१)कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिजकार्ष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२)उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामश सेवा, ब्रिजकोष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमतिकोलागि वडाकार्यालयको शिफारिस सहित नगरपालिकाको सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।

३) उपदफा २ बमोजिमको प्रक्रियापुरागरि परेको निवेदन उपर नगरपालिकाको शिक्षा समितिले आवश्यक जाँचबुझगरि अनुमति दिने नदिने निर्णय गर्नेछ ।

**७.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** :

यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाइ केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

**८.प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्थाः**

प्रारम्भिक बालविकास केन्द्रका सञ्चालन तोकिएबमोजिम हुनेछ ।

**९.सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ३

## शिक्षाको प्रकार, माध्यम, पाठयक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**१०.माध्यमिक शिक्षाका प्रकार :माध्यमिक शिक्षा देहाय बमोजिम हुनेछनः**

१) सामुदायिक माध्यमिक शिक्षा

२) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**११.शिक्षाका माध्यमः**

१)विद्यालयमा शिक्षाका माध्यम नेपाली तथा अंग्रेजी वा दुवै भाषामा हुनेछ ।

मिथिला नगरपालिका

२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा विद्यालयमा शिक्षाका माध्यम देहाय बमोजिम हुन सक्नेछ :

१.प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

२.गैह्र नेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय वा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

३.भाषा विषयमा अध्ययन गराउँदा शिक्षाका माध्यम सोही भाषा हुनेछ,

**१२.विद्यालयका वर्गीकरणःनगरपालिका अन्तर्गतका विद्यालयहरू देहाय प्रकारका हुनेछन्** :

क) सामुदायिक विद्यालय

ख)संस्थागत विद्यालय (निजि, सहकारी, ट्रष्टवाट सन्चालित )

**१३.विद्यालयको पाठयक्रम तथा पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकारले तोकेका न्यूनतम मापदण्ड पुरागरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेका मापदण्डभित्र रही स्थानीय पाठयक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ ।नगरपालिकामा स्थानिय पाठयक्रम विकास केन्द्र स्थापना नभइसकेको अवस्थामा तोकिए बमोजिम हुनेछ ।

**१४.परीक्षा सञ्चालन** :

परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापनकोलागि नगर शिक्षा समितिले आवश्यक निर्देशन गर्न सक्ने छ । नगर शिक्षा समितिले कुनै निर्देशन नदिएको अवस्थामा

तोकिए बमोजिम हुनेछ । तर आधारभूत तहका अन्तिम परीक्षा ( कक्षा ८) नगरपालिकाले संचालन गर्नेछ ।

## परिच्छेद -४

## नगर शिक्षा समिति, शिक्षक छनौट समिति, नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्वन्धी व्यवस्थाः

### १५.नगर शिक्षा समितिः

१.नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिम एक नगर शिक्षा समिति रहने छ :

क) नगर कार्यपालिकाको प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष

ख) नगर उपप्रमुख – सदस्य

ग) नगर कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

घ) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु- सदस्य

ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

च) सामुदायिक विद्यालयका प्र.अ./शिक्षकहरुमध्येवाट एकजना समितिले मनोनित गरेको व्यक्ति - सदस्य

छ)संस्थागत विद्यालयहरुको व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाटनगर प्रमुखले तोकेको एकजना – सदस्य

ज) विधालयको अवकाश प्राप्त प्रधान अध्यापक, शिक्षक तथा शिक्षा क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको एक जना – सदस्य

झ) नगरपालिका भित्रका सामुदायीक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाटनगर प्रमुखले तोकेको  एक जना – सदस्य

भ)अपांगता भएका वालवालिकाको शिक्षा क्षेत्रमा काम गर्ने व्यक्ती मध्ये समितिले तोकेको एक जना – सदस्य

ञ)शिक्षक महासंघका प्रतिनिधि एक जना – सदस्य

ट)नगर शिक्षा अधिकारी - सदस्य-सचिव

२. समितिको पदावधि तीन वर्षको हुनेछ ।

३.उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफनो पदीय आचरण पालन नगरेका अवस्थामा जुनसुकै समयमा पनि निजहरुलाई हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउदा वा बर्खास्त गर्नु पहिले निजहरुलाई मनासिब सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

४.नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाभित्रका शैक्षिक नीति तथा योजना तयार गर्ने,

ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी विषयमा कार्यपालिकालाई सिफारिस गर्ने,

ग) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतका खोजी गर्ने,

घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन विधालयहरुलाई आवश्यक निर्देशन दिने ।

ङ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सँस्थागत विद्यालयहरूका शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

च) व्यवसायिक शिक्षा तथा सीपमुलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमलक र प्राविधिक शिक्षा विद्यालयका आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

छ) विद्यालय व्यवस्थापन समितिलाइ निर्देशन दिने तथा सचेत गराउने,

ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

झ) विद्यालयहरुको पठन पाठनसँग सम्बन्धित अन्य विषयहरुको सम्बन्धमा आवश्यक निर्देशन दिने ।

ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

ट) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने ।

ठ) शैक्षिक गुठीसग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

ड) विद्यालयहरूका सुपरीवेक्षण तथा अनुगमन गर्ने र गराउने ।

ढ) शैक्षिक संस्था र शिक्षासग आवद्ध शिक्षक कर्मचारीहरूलाइ कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

ण) नगरपालिका भित्र रहेका विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्ने ।

त) बिद्यालयको शैक्षिक गुणस्तर परिक्षण गराउने ।

थ) शिक्षक छनौट कार्यविधि निर्धारण गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

द) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञका सूची तयार गर्ने ।

ध) नगर शिक्षा सुधारको नीति योजना निर्माणकोलागि तोकिए बमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्ने ।

न) नगर भित्रका सबै प्रकारका विधालयहरुमा अध्ययनरत विधार्थीहरुलाई कानुन बमोजिम दिईनु पर्ने छात्रवृति उचित प्रकारबाट लागु गर्न लगाउने वा छात्र वृतिकोलागि आवश्यक निर्देशन दिने ।

प)सँस्थागत विधालयको शिक्षक तथा कर्मचारिहरुलाई योगदानमा आधारित समाजिक सुरक्षाकोषमा रकम जम्मा गर्न लगाउने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

फ)शिक्षा समितिले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने ।

**१६.शिक्षक कर्मचारी छनौट समिति**

१.विद्यालयहरुका शिक्षक, बिद्यालय कर्मचारी, बालविकास सहयोगीको नियुक्तीकोलागिअध्यक्ष सहित तिन सदस्यीय शिक्षक कर्मचारी छनोट समिति गठन गरिने ।

२) उपदफा १ बमोजिमको छनौट समितिमा नगर शिक्षा समितिले छनौट समितिको अध्यक्षकोलागि तिन जनाको नाम प्रस्ताव गरि कार्यापालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३) उपदफा २ बमोजिम नगर शिक्षा समितिले शिफारिस गरेको नामावलीबाट एक जनालाई कार्यापालिकाले समितिको अध्यक्षको रुपमा छनौट गर्नु पर्नेछ ।

४) कार्यपालिकाले स्नातक तह उतिर्ण एक जना शिक्षा क्षेत्रमा कार्यअनुभव भएको महिलालाई छनौट समितिको सदस्यको रुपमा नियुक्त गनु पर्नेछ ।

५) नगर शिक्षा अधिकारी पदेन रुपमा छनोट समितिको सचिवको रुपमा रहने छ ।

२.उपदफा (२) बमोजिम नगर शिक्षा समितिले अध्यक्षको नामावली प्रस्ताव गर्दा न्युनतम उपसचिव स्तरको नेपाल सरकारको बहालवाला कर्मचारी वा सेवानिवृत्त माध्यमिक तहको प्रधान अध्यापक वा शिक्षा क्षेत्रमा लामो समय देखि ख्याती कमाएको स्नातक तह उतिर्ण बहालबाला शिक्षकलाई तोक्नु पर्नेछ ।

३.शिक्षक छनौट कार्य प्रत्येक शैक्षिक सत्र शुरु हुनु अगाडी आबश्यकता बमोजिमगरिने छ ।

४.शिक्षक छनौट कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१७. नगर शिक्षा अधिकारीः**

१)नगरपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछन ।

**१८)शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

१)शिक्षा सम्बन्धी स्थानीय योजनाहरुलाईआवश्यक्ता अनुसार नगरपालिका वा नगरसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

२.स्थानीय तहबात तय गरिएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने

३.विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाका खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

४.विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,

५.माध्यमिक तहसम्मका शैक्षिक कार्यक्रमहरुमा समन्वय र नियमन गर्ने,

६.नगर क्षेत्र भित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयका नाम

परिवर्तन गर्ने सम्बन्धित विषयहरुमा नगर शिक्षा समितिमा राय प्रतिवेदन पेश गर्ने गराउने ।

७.नगर शिक्षा समिति वा कार्यपालिकाको निर्णय वा निर्देशन बमोजिम सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा तथा बढुवा सम्बन्धी कार्यकोलागि शिक्षा समितिमा राय प्रतिवेदन बुझाउने, स्वीकृत दरवन्दी अनुसार तलब भत्ता निकासा गर्ने,

८.शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयको अन्य विदाहरू स्वीकृत गर्ने,

९.वार्षिक रुपमा विद्यार्थी सङ्ख्याका अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

१०.विद्यालयहरूका समुह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

११.विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूका नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

१२.आधारभूत तहका परीक्षा व्यवस्थापन गर्ने, विद्याथी सिकाइ उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धि व्यवस्थाको अनुगमन तथा व्यवस्थापन गर्ने,

१३.शिक्षा सम्बन्धी कार्यगर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनका अधीनमा रही कार्य सम्पादन गर्ने,

१४.सामुदायिक विद्यालयका शिक्षकहरुलाइ आफनो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने ।



मिथिला नगरपालिका

१५.नगर शिक्षा समिति तथा कार्यपालिकाबाट समय समयमा भएका निर्देशन वा प्रत्यायोजित कार्य गर्ने ।

१६.ऐनको दफा १६ अनुसार सिफारिस शिक्षक तथा कर्मचारीलाई नियुक्ती गर्ने ।

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

### १९.विद्यालय व्यवस्थापन समितिः

१. सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका अभिभावकहरुले आफूमध्येवाट छनौट गरेको दुईजना महिला सहित चार जना- सदस्य

ख) सम्बन्धित वडाध्यक्षले तोकेको वडा सदस्य- सदस्य

ग) स्थानीय चन्दादाता, शिक्षाप्रेमी वा संस्थापकहरु मध्येवाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

घ) शिक्षकहरुले आफूमध्येवाट छानी पठाएको एक जना - सदस्य

ङ) प्रधानाध्यापक - सदस्य सचिव

२. प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आबद्धहरू मध्ये नगर शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन ।

३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ। अध्यक्षको योग्यता तोकिए बमोजिम हुनेछ।

४)विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षका अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्य मध्येबाट समितिको बैठकको अध्यक्षता हुनेछ।

५)विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू सदस्य रहनेछन।

७).व्यवस्थापन समितिको पदावधि ३ बर्षको हुनेछ।

८) व्यवस्थापन समितिको गठन प्रक्रियामा नगर शिक्षा अधिकारी र नगर शिक्षा समितिको सदस्यलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नुपर्ने छ।

९).व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०).सस्थागत विद्यालयका सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क.विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

ख.अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

ग.स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एकजना महिला - सदस्य

घ.सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट मनानित गरि पठाएको १ जना शिक्षक -सदस्य

ङ.सम्बन्धित वडाध्यक्षले तोकेको एक जना महिला वडा सदस्य-सदस्य

च. नगर शिक्षा प्रमुख वा निजले तोकेको कर्मचारि वा सम्बन्धित क्षेत्रका सोतव्यक्ति - सदस्य

छ.विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

८. उपदफा (क), (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यका पदावधि ३ वर्षका हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफना पद अनुसारका आचरण पालना गरेकोनदेखिएमा नगर शिक्षा समितिले अध्यक्ष वा कुनै सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन वा आवश्यक्ता बमोजिम समिति विघटन गर्न सक्नेछ ।

९. उपदफा ८ बमोजिम पदबाट हटाइएको वा विघटन गरिएकोमा विधालयलाई पुन अर्को समिति गठनको प्रक्रिया अवलम्वन गर्न निर्देशन गर्नुपर्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिनेछैन । नगर शिक्षा समितिले गरेका कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ । न्यायीक समितिको निर्णयमा सम्बन्धित निकायमा पुनरावेदन गर्न सकिने छ ।

१०.सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतका परिचालन गर्ने,

ख) विद्यालयका चल, अचल सम्पत्तिका लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

मिथिला नगरपालिका

ग) विद्यालयका शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानाकारी नगरपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयका वातावरण विगार्न नदिने,

च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

छ) शिक्षक सेवा आयोगले लिएका परीक्षामा सफल भई सिफारिस भएका शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

ज) नगरपालिकाबाट स्वीकृत र शिफारिस राहत, अस्थायी र दरबन्दीका शिक्षक कर्मचारीलाई व्यवस्थापन गर्ने,

झ) नगरपालिका बाट नियुक्ती पाई आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने ।

ञ) नगरपालिकाको सुचिकृत रजिर्ष्टड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

ट) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

ठ) तोकिएबमोजिमका क्षेत्रसग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

ड) विद्यालयका आन्तरिक स्रोतवाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमका पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

ढ) शिक्षक तथा कर्मचारीहरूलाइ तोकिए बमोजिमका प्रोत्साहन तथा कार्यवाही गर्ने गराउने ।

११. संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क)विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतका परिचालन गर्ने,

ख)विद्यालयका चल, अचल सम्पत्तिका लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग)विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

घ)विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ)नगरपालिकाले तोकेबमोजिमको पाठयक्रम तथा पाठयपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

च)प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाइ शिक्षक छनौट समितिका अनुमती लिइ शिक्षक पदमा नियुक्ति गर्ने,

छ)नगरपालिकाले तोकेबमोजिमको न्यूनतम तलबस्केलमा नघटाइ शिक्षकलाई तलबको व्यवस्था गर्ने गराउने,

ज)अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने गराउने ।

झ)शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूका पालन गर्ने गराउने,

मिथिला नगरपालिका

ञ)विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफना शैक्षिक, समाजिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतका प्रतिवेदन वडा समितिमार्फत नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

ट)शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयका सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२.विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२०.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

१. सामुदायीक विधालय व्यवस्थापन समितिले तोकिएको जिम्मवारी पुरागर्न नसकेको भनी नगर शिक्षा समितिले आधार कारणसहित कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाइ नगरपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाइ सचेत गराउन तथा विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफनो सफाइ पेस गर्ने मनासिब मौका दिइने छ ।

२. उपदफा १ बमोजिम विधालय व्यवस्थापन समिति विघटन भएमा नगरपालिकाले विधालयलाई पुन नयाँ  व्यवस्थापन समिति गठन प्रक्रिया शुरु गर्न निर्देशन गर्ने छ । नयाँ गठन हुने समितिमा विघटित समितिका सदस्यहरु नियुक्त वा मनोनित हुने छैनन ।

३. उपदफा २ बमोजिमको समिति गठन हुन नसकेमा नगरपालिकाले तत्कालकोलागि तदर्थ समितिको गठन गर्न सक्नेछ । तदर्थ समिति गठन प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२१.विद्यालय सञ्चालन कार्यविधि :**

१. यो ऐन वा प्रचलित कानुनका अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयका लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुका चौतफी विकासमा टेवा पुग्ने गरी अतिरिक्त

कृयाकलापहरुका विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएका कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागु गर्नु पर्नेछ ।

२. अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ।

३. कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

४. अध्यावधिक कार्यविधिका प्रतिलिपि पारित भएका मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको शिक्षा शाखामा पेस गर्नु पर्नेछ । शिक्षा शाखाले सो कार्यविधिलाई नगर शिक्षा समितिमा आफनो राय प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।

५. नगरपालिकाले नगरको शैक्षिक विकासकालागि नमूना विद्यालयका विकास गर्न, आवश्यकतानुसार नमूना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरुमध्येबाट नमूना विद्यालयका रुपमा छनौट गरी संचालन गर्ने सक्नेछ । नमूना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वयमसेवक र थप सहयोगका व्यवस्था तोकिएबमोजिम गरिनेछ ।

६. विद्यालयको सञ्चालन कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

## परिच्छेद ६

### २२. खेलकुदसञ्चालन तथा व्यवस्थापन सम्बन्धमा

१) नगरपालिका भरिमा विभिन्न प्रकारका शारिरिक तथा मानसिक प्रकृतीको खेलकुद तथा मनोरञ्जन कार्यहरुको विकाश तथा व्यवस्थापनकोलागि नगरपालिकामा एउटा नगरि स्तरिय खेलकुद नामको समिति रहने छ ।

२) उपदफा १ बमोजिमको समितिको पदाधिकारीहरु निम्न लिखित हुनेछन।

क) नगर कार्यपालिकाको प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष

ख) नगर कार्यपालिकाको सम्बन्धित समितिका संयोजक - सदस्य

ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला तथा दलित समेत २ जना सदस्यहरु- सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

ङ) सामुदायिक तथा संस्थापगत विद्यालयका खेलकुद शिक्षकहरुमध्येवाट एक एक जना गरि समितिले मनोनित गरेको २ जना - सदस्य

च) नगरपालिका भित्र विभिन्न स्थानिय खेलकुद क्लव, समितिहरुबाट नगर समितिले तोकेको एक महिला सहित २ जना सदस्य

छ) नगरपालिकामा खेलकुदको क्षेत्रमा विशेष योगदान भएका वा खेलकुदको क्षेत्रमा विज्ञता हासिल गरेका मध्येबाट नगरप्रमुखले मनोनित गरेको एक जना – सदस्य

भ)अपांगता भएका व्यक्तिहरुको तर्फबाट नगरप्रमखले मनोनित गरेको एक जना – सदस्य

ज) प्रदेश वा जिल्ला खेलकुद समितिको प्रतिनिधि एक जना – सदस्य

म) नगरपालिकाको खेलकुदसँग सम्बन्धित अधिकारी - सदस्य-सचिव

३) नगरपालिका भित्र विभिन्न प्रकारको खेलकुद तथा मनोरञ्जनकोलागि नगरिपालिकाले बार्षीक रुपमा आवश्यक रकमको व्यवस्था गर्नेछ ।

४) नगरपालिकाले स्थानिय खेलकुद क्लवहरुको विचमा खेलकुदको विकासकोलागि आवश्यक्ता बमोजिम सहयोग तथा समन्वय गर्नेछ ।

मिथिला नगरपालिका

५) नगरपालिकाले आवश्यताको आधारमा नगर स्तरिय विभिन्न प्रकारका खेलकुद प्रतियोगीताको सञ्चालन गर्नेछ ।

६) नगरपालिका भित्र व्यक्तिगत रुपमा कुनै खेलाडी तथा खेलकुद क्लव वा समितिहरुले नगर क्षेत्र भन्दा बाहिर खेलकुद कार्यक्रममा सहभागी हुन जानु परेमा आवश्यक्ता बमोजिम आर्थीक लगाएतको सहयोग गर्न सक्नेछ ।

७) नगरपालिका भित्र कुनै खेलकुद समिती वा क्लवहरुले अनियमितता गरिरहेको भन्ने उजुरी परेमा वा अन्य कुनै माध्यमबाट नगर खेलकुद समितिलाई जानकारि भएमा नगर खेलकुद समितिले छानविन तथा कारवाहि प्रक्रिया गर्न सक्नेछ ।

८) नगरमा स्थानिय रुपमा गठन भएका खेलकुद तथा मनोरञ्जनसँग सम्बन्धित क्लवहरु तथा समितीहरुले नगर पालिकाबाट स्विकृती लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । स्विकृतीको प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९) क्लवहरु तथा समितीहरुले त्यस्ता सँस्था सञ्चालनकोलागि बिधान बनाउनु पर्नेछ । त्यस्ता विधानहरु नगरपालिकाको कानुन वा प्रचलित नेपाल कानुन सँग नबाझिने गरि बनाउनु पर्नेछ ।

१०) यो कानुन निमार्ण हुनु अगाडी कुनै क्लवहरु वा समितिहरु सञ्चालनमा रहेको भएमा यो कानुन बनेको ६ महिना भित्रमा नगरपालीकामा त्यस्ता क्लवहरु तथा समितिहरु दर्ता गर्नुपर्नेछ । नगरपालिकामा त्यस्ता क्लवहरुको बार्षीक रुपमा नविकरण गर्नु पर्नेछ । नविकरण शुल्क तोकिए बमोजिम हुनेछ ।

११) नगर खेलकुद समितिले गरेको छानविनबाट स्थानिय रुपमा गठन गरिएको क्लव तथा समितिहरुमा अनियमितता भएको देखिएमा त्यस्ता पदाधिकारिहरुलाई निलम्बन गर्न तथा पदबाट मुक्त गर्न वा त्यस्तो समिति नै विघटन गर्न सक्ने छ । तर त्यसरि निलम्बन गर्दा वा

मिथिला नगरपालिका

पदबाट मुक्त गर्दा वा समिति नै विघटन गर्दा स्पष्टीकरणकोलागि मनासिव माफीकको समय तथा प्रक्रिया अवलम्बन गरिने छ।

१२) नगर खेलकुद समितिले गरेको कारवाहिमा मर्कापर्ने पक्षले नगरपालिकाको न्यायीक समितिमा उजुरी दिन सक्नेछ । न्यायीक समितिको निर्णय उपर सम्बन्धित निकायमा पुनरावेदन लाग्ने छ।

## परिच्छेद -७

## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्वन्धी व्यवस्था

### २३. शिक्षा विकास कोष :

१.सामुदायिक विद्यालयका भौतिक पूर्वाधार विकासमा सहयोग पुयाउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

२. उपदफा (१) बमोजिमका कोषमा देहायका रकमहरू रहने छन :

क.नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख.प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग.नगरपालिकाबाट प्राप्त अनुदान रकम,

घ.संस्थागत विद्यालयबाट प्राप्त विद्यालयका वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमका रकम,

ङ.चन्दाबाट प्राप्त रकम,

च.अन्य स्रोतबाट प्राप्त रकम ।

### २४.कोष सञ्चालक समिति : देहाय बमोजिम हुनेछ ।

१.कोष सञ्चालक समिति पाँच सदस्यीय हुनेछ ।

२. कोष सञ्चालक समितिको संयोजक उपप्रमुख हुनेछ ।

३. नगर कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक सदस्य हुनेछन ।

४. नगरप्रमुखले मनोनित गरेको नगरशिक्षा समिति एक जना सदस्य हुनेछन ।

५. नगरपालिकाको लेखा शाखाको प्रमुख सदस्य हुनेछन ।

६. नगरपालिकाको शिक्षा विभाग वा शाखाको प्रमुख सदस्य सचिव हुनेछ ।

२.(२) उपदफा (१) बमोजिमका सञ्चालक समितिका काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोषः**

१.प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

क.नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

ख.नगरपालिकाका शिक्षा कोषबाट प्राप्त अनुदान,

ग.शुल्क तथा सहयोगबाट प्राप्त रकम,

घ.चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

ङ.अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमका कोषका सञ्चालन र लेखापरीक्षणको विवरणहरु प्रत्येक विधालयले वार्षीक रुपमा अभिभावकहरुको भेला बोलाई सार्वजनिक गर्नुगर्नेछ ।

मिथिला नगरपालिका

३.उपदफा २ बमोजिमको भेलामा नगर शिक्षा शाखा, नगर शिक्षा समिति र नगरपालिकाको समाजिक विकास समितिलाई आमन्त्रण गर्नुपर्नेछ ।

**२६.अनुदानको व्यवस्था :**

१. यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएका अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सुत्रका आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएका अनुदान रकममा नगर शिक्षा समितिको शिफारिसमा नगरपालिकाले एक पटककोलागि २५ प्रतिशत सम्म कटौति गर्न सक्ने छ ।

२. उपदफा १ बमोजिम कुनै विधालयले शैक्षिक स्तर तथा विधालयको शैक्षिक वातावरण कायम गर्न नसकेमा शिक्षा समितिले व्यवस्थापन समितिको अध्यक्ष तथा प्रधान अध्यापकलाई नगर शिक्षा समितिमा बोलाई छलफल गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिमको छलफल पश्चात नगर शिक्षा समितिले आवश्यक त्यस्ता विधालयहरुलाई आवश्यक निर्देशन तथा सचेत गराउन सक्नेछ ।

४. नगरपालिकाबाट सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

**२७. प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्नेः**

नगरपालिकाले शिक्षा समितिको शिफारिसको आधारमा प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२८.शुल्क सम्वन्धी व्यवस्थाः**

१. नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेका विद्यालय शिक्षाकालागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमका शुल्क लिन पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भएतापनि कुनै अभिभावकले आफना इच्छाले दिएका दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३.सबै बाल बालिकाहरूलाइ आधारभूत तहसम्मका शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतका व्यवस्था गर्नेछ ।

४. उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेका विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिने शुल्ककोलागि नगर शिक्षा समितिको शिफारिसमा नगरपालिकाले निर्धारण गर्नेछ ।

५. सामुदायीक तथा संस्थागत वा अन्य कुनै पनि प्रकारका विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयकोमाथील्लो वा अर्को कक्षामा भर्ना गर्नकालागि कुनै किसिमका अतिरिक्त शुल्क लिन पाउने छैन ।

६. सबै प्रकारका विद्यालयले आफनो भौतिक संरचना तथा अन्य कुनै संरचना निर्माण गर्नकालागि विद्यार्थीहरुसँग त्यसबापत कुनै किसिमका शुल्क लिन पाउने छैन ।

७. संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएका सुविधाका आधारमा दिनेछ ।

८. कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्ता शुल्क सम्बन्धित विद्यार्थीलाइ फिर्ता गर्न लगाउनु पर्नेछ ।

मिथिला नगरपालिका

९.यस ऐन विपरीत शुल्क लिने विद्यालयलाईशिक्षा समितिको शिफारिसको आधारमा नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२९.छात्रवृत्तिका व्यवस्था गर्न सक्ने :**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिएबमोजिम छात्रवृत्तिका व्यवस्था गर्न सक्नेछ ।

**३०.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

१. संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याका कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिएबमोजिम जेहेन्दार, आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृति पाउने विधार्थीको संख्या धेरै भएमा दामासाहीमा वितरण गर्न सकिनेछ ।

२. उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्याथी छनौट गर्न विद्यालयले एउटा छात्रवृति छनौट समिति गठन गर्नेछ । त्यस्तो छात्र वृति समितीमा नगरपालिकाको शिक्षा शाखा र नगर शिक्षा समितिको पदाधिकारीहरुलाई पर्यवेक्षकको रुपमा समितिमा आमन्त्रण गर्नु पर्नेछ । प्रत्येक विद्यालयले आफुले उपलब्ध गराएको आधार सहितका छात्रवृत्तिका विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

३. उपदफा २ बमोजिमको व्यवस्था प्रभावकारी नभएमा नगर शिक्षा समितिको शिफारिसमा नगरपालिकाले छात्रवृतिको छनौटको लागि परिक्षा सञ्चालन गर्न सक्नेछ । छात्रवृति छनौट पक्रिया तोकिए बमोजिम हुनेछ ।

**३१.विद्यालयको सम्पत्ति :**

१. सामुदायिक विद्यालयका हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । सामुदायीक विधालयको अचल सम्पति वा जग्गा जमिन दुई वर्ष भन्दा बढि समयकोलागि ठेक्कापटटा, लिज वा भाडामा

कसैलाई दिनु परेमा त्यसको सम्पुर्ण विवरण शर्तअवस्थाहरु उल्लेख गरि नगरपालिकाको तोकीएको शाखामा स्विकृतीकोलागि पेश गर्नु पर्नेछ ।

२. सामुदायीक विधालयको नाममा रहेको अचल सम्पति वा जग्गा जमिन, ताल पोखरी आदि ठेक्कापटटा, भाडा, लिज आदिमा दिनु परेमा नगरपालिकाबाट स्विकृत मापदण्ड बमोजिम गर्नुपर्नेछ तर त्यस्तो मापदण्ड नबनेको अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्नेछ ।

३. सामुदायीक विधालयले अचल सम्पतिको बेचविखन गर्नुपरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४. यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएका वा कुनै विद्यालयमा गाभिएका सामुदायिक विद्यालयका सम्पत्ति नगरपालिकाले अन्य विद्यालयका काममा वा सरकारी प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएका रकम सम्बन्धित नगरपालिकाका शिक्षाकोषमा जम्मा गर्नेछ ।

५. शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयका सम्पत्ति सोही विद्यालयका नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीका रुपमा सञ्चालन गरिएकोमा त्यस्ता विद्यालयका सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्ता सम्पत्तिको प्रयोग यस ऐन वा प्रचलित कानुन बमोजिम हुनेछ ।

६. कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयका सम्पत्ति सोही कम्पनीका नाममा रहनेछ ।

७. संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यका रुपमा कुनै किसिमका चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा

सघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारका स्वीकृति लिनु पर्नेछ ।

८. नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेका सम्पत्ति नेपाल सरकारका स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

**३२. विद्यालयलाइ छुट र सुविधाः**

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएका भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयका नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२. उपदफा (१) मा लेखिएका वाहेक अन्य विद्यालयका नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

३.सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -८

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३३.दरबन्दी मिलान :**

आवश्यक मापदण्डसहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले प्रत्येक वर्षको दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेका शिक्षक जगेडा दरबन्दी यस ऐन बमोजिम नगर कार्यपालिका मातहत रहनेछ ।

**३४. शैक्षिक योग्यता :**

विद्यालयको शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

**३५.शिक्षक विद्यार्थीका अनुपात मिलाउनु पर्ने :**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकका अनुपात कायम गर्नु पर्नेछ ।

**३६.शिक्षकलाइ अन्य काममा लगाउन नहुने :**

१.समुदायिक विद्यालयलका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालयको प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२.उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयका पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले केहि समयकोलागि कुनै शैक्षीक प्रकृतिको काममा काजको रुपमा खटाउन सक्नेछ ।

**३७.अदालतका आदेशबाट पुनः बहाली हुन सक्ने :**

१. कुनै आरोपमा सजाय भोगेका वा नोकरीबाट हटाइएका वा बर्खास्त भएका शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

२. उपदफा (१) बमोजिम पुनः बहाली भएका शिक्षक वा कर्मचारीले नोकरीबाट हटेका दिनदेखि पुनः बहाली भएका मितिसम्मका पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३८.शिक्षकका नियुक्ति, बढुवा र सरुवा :**

१. विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताका नियुक्तिका व्यवस्था नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

२. वाल विकास सहयोगी कार्यकर्ताका योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ

३. नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा ( राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र

आउने दुबै विद्यालयका व्यवस्थापन समितिका सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले तोकिएबमोजिमका प्रक्रिया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

४. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटा विद्यालयमा निरन्तर पाँच बर्षसम्म सेवा गरेका शिक्षकहरूलाई नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिका सहमति नलिइ नगरपालिकाभित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

५. शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकलाइ विषय मिल्ने गरी स्थायी नियुक्ति दिइ काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगका करार सूचीलाइ पहिलो प्राथमिकता दिनुपर्नेछ ।

६. शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा नगर शिक्षक कर्मचारी छनौट समितिले परिक्षा लिइ प्रकाशित करार सूचीमा रहेका उम्मेदवारलाई नगरपालिकाभित्र रिक्त रहेका दरबन्दी / राहत कोटामा योग्यताक्रम अनुसार करारमा नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

७. शिक्षकका बढुवा प्रयोजनका लागि सघीय तथा प्रदेश कानुन बमोजिमका पद निर्धारण गरिनेछ ।

**३९.तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा (३६) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराइ बसेका अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिका तलब भत्ता पाउने छैनन र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**४०.प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्था:**

१.प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमप्रधानाध्यापकको दरबन्दी रहनेछ।

२. सामुदायीक वा संस्थागत विधालयको तह (आधारभुत तथा माध्यमिक) बमोजिमतोकिएको शैक्षीक योग्यता नभएको शिक्षक प्रधानाध्यापकको रुपमा कार्यरत रहन वा नियुक्त हुन सक्ने छैन ।

३. विधालयको सम्पती हिनामिना गर्ने तथा कुनै राजनितिक दलको सदस्यता लिएको व्यक्ति प्रधानाध्यापकमा नियुक्त हुन सक्ने छैन ।

४. सामुदायीक विधालयमा अस्थायी वा करारमा नियुक्त भएको शिक्षक प्रधानाध्यापकमा नियुक्ती हुन सक्ने छैन ।

५. नगरपालिकाले प्रधानाध्यापकको तथा अन्य कर्मचारीहरुको नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धी व्यवस्थाकोलागि अलगै कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ तर सो कार्यविधि नभएको अवस्थामा प्रचलित कानुन वा तोकिए बमोजिम हुनेछ ।

**४१.स्थायी आवासीय अनुमति लिन नहुनेः**

सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशमा स्थायी आवासीय अनुमति लिन वा त्यस्ता अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४२.शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीका पदीय आचरण तथा अन्य व्यवस्था :**

१.सामुदायिक विद्यालयलको शिक्षकहरूका पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमका एक शिक्षक महासघं रहनेछ ।

२.देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो

उपर नगर शिक्षा समितिले आवश्यक रुपमा छानविन गरि त्यसको प्रतिवेदननगरपालिकामा पेश गर्नु पर्नेछ । शिक्षा समितिको शिफारिसको आधारमा नगरपालिकाले शिक्षक तथा कर्मचारिलाई सेवाबाट बर्खास्त गर्न वा अन्य आवश्यक नसियत दिन सक्नेछ ।

क) तोकिएबमोजिम पदीय दायित्व पुरा नगरेमा,

ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनैतिक दलका कार्यकारिणी समितिमा रहेका पाइएमा,

छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सुक्ष्म रुपमा अमूक राजनैतिक दलकोमात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयका समयमा सलग्न भएमा ।

३. कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउन वा कुनै नसियत दिनु अगाडी निजलाई मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि राजनितिक दलको कार्यकारिणी समिति भन्नाले कुनै राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

**४३. परिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा :**

१) नगरपालिकाले नगर भित्रको सामुदायीक, सँस्थागत वा अन्य कुनैपनि प्रकारबाट सञ्चालनमा आएका माध्यमिक तह सम्मका विधालयहरुमा विधार्थीहरुको परिक्षालाई सञ्चालन, व्यवस्थापन तथा निर्देशन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको परिक्षा सञ्चालनकोलागि नगरशिक्षा समितिको शिफारिसमा नगरकार्यापालिकाले एउटा परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

३)उपदफा (२) बमोजिमको समितिमा निम्न बमोजिम सदस्यहरु रहने छन ।

क) नगर कार्यपालिकाको प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष

ख) नगर कार्यपालिकाको सम्बन्धित समितिका संयोजक - सदस्य

ग) नगर कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला सदस्य-सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

ङ) माध्यमिक तहका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधान अध्यापकहरुमध्येवाट नगरप्रमुखले मनोनित गरेको एक एक जना २ जना - सदस्य

च) परिक्षा सञ्चालनको विषयमा विज्ञता हासिल गरेका भुतपुर्व वा बहालवाला शिक्षकहरुमध्येबाट नगरप्रमुखले मनोनित गरेको एक जना महिलासहित दुई जना– सदस्य

छ) नगरपालिकाको शिक्षा शाखाको प्रमुख अधिकारी - सदस्य-सचिव

४) उपदफा ३ बमोजिम मनोनित गरिएका सदस्यहरुको पदाबधि ३ बर्षको हुनेछ । मनोनित गरिएका सदस्यहरुले आफनो जिम्मेवारि

कुशलतापुर्वक सम्पन्न नगरेमा नगरप्रमुखले जुनसुकै समयमा हटाउन सक्नेछन । त्यसरि हटाएकोमा जुन प्रकारका सदस्यहरुलाई हटाईएको हो सोहि प्रकृतीका सदस्यहरुको तत्काल सोहि प्रक्रिया बमोजिम मनोनित गर्नु पर्नेछ ।

५) नगर भित्रका सबै प्रकारका विधालयका विधार्थीहरुको जुनसुकै परिक्षा सञ्चालन सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । परिक्षा समितिले कार्यविधि निर्धारणगरिनसकेको अवस्थामा प्रचलित कानुन तथा चलिआएको अभ्यास बमोजिम विधालय आँफैले पनि परिक्षा सञ्चालन गर्न सक्नेछ ।

६) उपदफा ५ बमोजिम विधालय आँफैले परिक्षा सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित विधालयले नगर शिक्षा समितिमा वा परिक्षा समितिमा परिक्षा सञ्चालनको विस्तृत विवरण पेशगर्नु पर्नेछ ।

४) माथी विभिन्न उपदफाहरुमा जेसुकै लेखिएको भएपनि सामुदायीक तथा सँस्थागत विधालयको कक्षा ८ को परिक्षा नगरस्तरिय हुनेछ । नगर स्तरिय परिक्षाको सञ्चालनको कार्याविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विविध

### ४४. विद्यालयलाइ सुरक्षित क्षेत्रका रुपमा कायम गर्नु पर्नेः

१.विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाइ सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

मिथिला नगरपालिका

२.उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गदा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन ।

**४५. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार तथा यातना गर्न नहुने :**

१. कुनै पनि बालबालिकालाइ विद्यालयबाट निष्कासन गर्न पाइनेछैन । तर बालबिज्याइ गरेका अवस्थामा बालबालीकालाई सामान्य नसियत तथा कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेका मानिनेछैन ।

२. विद्यालयमा अध्ययनरत बालबालिकालाइ शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन । यस्तो व्यवहार भएमा प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।

**४६.प्रगति विवरण बुझाउनु पर्नेः**

विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितका प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ।

**४७. दण्ड सजायः**

१.विधालय व्यवस्थापन समितिको पदाधिकारी, शिक्षक तथा कर्मचारिहरुले विद्यालयका सम्पत्ति हिनामिना वा नोक्सान गरेको भनि नगरपालिकामा उजुरी परेमा नगर शिक्षा समितिले तत्काल छानविन समिति बनाउन नगरपालिकामा शिफारिस गर्नु पर्नेछ । नगरपालिकाले सो विषयमा १५ दिन भित्रमा छानविन समिति बनाई कारवाहि प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

२. उपदफा १ बमोजिम गठन गरिएको छानविन समितिको प्रतिवेदनको आधारमा कारवाही प्रक्रिया गरिनेछ तर कारवाहि वा नसियत गर्नु अगाडी सम्बन्धित व्यक्तिलाई सफाईको उचित मौका प्रदान गरिनेछ ।

३. यस सम्बन्धीत विषयमा तथ्य तथा कानुनको गाम्भीर्यता हेरि अन्य कारवाहि गर्नु पर्ने भएमा नगरपालिकाले कानुन बमोजिमको अधिकारी समक्ष वा मुद्दा हेर्ने अधिकारी समक्ष आवश्यक कारवाहीकोलागि शिफारिस वा मुद्धा दायर गर्न सक्नेछ ।

४.कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा त्यस्ता व्यक्तिलाइ कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ :-

क)परिक्षाको प्रश्नपत्रका गोपनीयता भङ्ग गरेमा,

ख)परिक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग)परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीका स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ)परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ)अरुको तर्फबाट परीक्षा दिएमा,

च)विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

छ)अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

ज)परीक्षाका मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

झ)परिक्षासँग सम्बन्धित गोपनियता तथा कानुन विपरितका अन्य कार्य गरेमा ।

५. कानुनबमोजिमका कसुरका सम्बन्धमा विद्यालयका कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर

भएमा त्यस्ता शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएका मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**४८ पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायका आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४९.नगरपालिकाले निर्देशन दिन सक्नेः**

१.नगरपालिकाले तोकिएको क्षेत्रसग सम्वन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्थालाइ अनुमति लगायतका आवशयक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाइ दिन सक्नेछ ।

२.उपदफा (१) बमोजिमका दिइएका निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिका कर्तव्य हुनेछ ।

**५०.बिद्यालयको अनुगमन सुपरिवेक्षणका लागि तोकिए बमोजिमको स्रोतकेन्द्र र स्रोत व्यक्तिको ब्यवस्था गर्न सकिनेछ।**

**५१. नियम तथा कार्यविधी बनाउने अधिकार :**

१.यस ऐनका उद्देश्य कार्यान्वयन गर्न नगरपालिका, नगरकार्यपालिकाले आवश्यक शिक्षा नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

२.यस ऐनको कार्यान्वयनकालागि नगर शिक्षा समितिले आवश्यक निदेशिका तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

**५२.संक्रमणकालीन व्यवस्था :**

१.यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेका काम नियमावली तथा कार्यविधि नआएसम्म नगर कार्यपालिका तथा नगरपालिकाको सहमतिमा नगर शिक्षा समितिले गर्न सक्नेछ ।

**५३.बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगरपालिकाले त्यस्ता बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्ता आदेश यस ऐनमा परे सरह मानिनेछ ।

**५४.बचाउ र लागु नहुने :**

१.यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२.यस ऐनमा लेखिएका कुनै कुराले पनि विद्यालयका सम्पत्ति हिनामिना गरेको कसुरमा प्रचलित भ्रष्टाचार निवारण ऐन अन्तगत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

३.संविधान, सङ्घीय र प्रादेशिक कानुनसगँ बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएका हदसम्म स्वतः निष्क्रिय हूनेछ ।

४.यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाइ नेपाल सरकारले दिदै आएका सुविधामा कुनै किसिमका कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

आज्ञाले
बसन्त न्यौपने
प्रमुख प्रशासकीय अधिकृत